बीमा समिति
BEEMA SAMITI
Insurance Regulatory Authority of Nepal
(नेपालको बीमा नियमनकारी निकाय)

Bulletin
# बुलेटिन

वर्ष १, अङ्क ३, २०७८ पौष (December 2021 - January, 2022)

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल
अध्यक्ष

**सल्लाहकार**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री दिनेश कुमार लाल, निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री पूजन बुढ्गेल (अधिकारी), निर्देशक

**सदस्यहरु**
श्री ध्रुव तिमिल्सिना, उपनिर्देशक
श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक
श्री गोविन्द चिनौरिया, प्रेस सल्लाहकार

**कम्प्युटर लेआउट**
श्री कृष्णराज अधिकारी, कम्प्युटर प्राविधिक

**प्रकाशक**

**बीमा समिति**
**(नेपालको बीमा नियमनकारी निकाय)**
कुपण्डोल, ललितपुर ।
फोन : ०१-५४२१०७९, ५४३८७४३
टोल फ्री नं.: १६६०-०१-५६७८९
फ्याक्स नं.: ०१-५४२०११९
Email: info@nib.gov.np,
Website: www.nib.gov.np

### बीमा समितिको नयाँ कार्यालय भवनको शिलान्यास

## अर्थमन्त्री शर्माबाट सरकारी र सार्वजनिक सम्पत्तिको बीमा गर्नका लागि ध्यान दिन सम्बद्ध निकायहरूलाई निर्देशन



अर्थमन्त्री जनार्दन शर्मा र शहरी विकास मन्त्री रामकुमारी झाँक्री बीमा समितिको ललितपुरको कुपण्डोलस्थित जग्गामा नयाँ निर्माण हुन लागेको भवनको शिलान्यास गर्नुहुँदै ।

अर्थमन्त्री जनार्दन शर्माले बीमा समितिको ललितपुरको कुपण्डोलस्थित जग्गामा नयाँ निर्माण हुन लागेको भवनको यही मङ्सीर २७ गते शिलान्यास गर्नुभएको छ ।

सोही अवसरमा अर्थमन्त्री शर्मा र शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले संयुक्तरूपमा भवन शिलान्यास सम्बन्धी शिलापत्रको अनावरण गर्नुभयो ।

समितिको १० रोपनी जग्गामा रु ४७ करोड ३७ लाखको लागतमा निर्माण हुने भवन भूकम्प प्रतिरोधी हुनाका साथै अपाङ्गमैत्री हुनेछ । भवन सात तलाको हुनेछ र यसमा १२० जनासम्म सहभागी हुनसक्ने अन्तर्राष्ट्रियस्तरको सेमिनार हल, ४० जना क्षमताको छुट्टै बैठक कक्ष, बोर्ड कक्ष, करिब ८० वटा सवारी साधन पार्किङ्ग गर्न मिल्ने अण्डरग्राउण्ड पार्किङ्ग र ११२ जनासम्म क्षमताको चमेनागृह लगायतका सुविधाहरु उपलब्ध हुनेछन् । भवनको निर्माण कार्य निर्माण शुरु भएको मितिले ३० महिनाभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

भवन शिलान्यास समारोहलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री जनार्दन शर्माले मानव जीवन, भौतिक सम्पत्ति एवम् सरकारी र सार्वजनिक पूर्वाधारमा रहेका जोखिमहरूको न्यूनीकरणमा बीमाको महत्वपूर्ण योगदान हुने बताउनु भयो । उहाँले देशका दूरदराजका कृषक र विपन्न बर्गसम्म बीमाको पहुँच पुग्नुपर्नेमा जोड दिनुभयो ।

अर्थमन्त्री शर्माले जनतालाई बीमा गर्न उत्साहित गर्नका लागि बीमा कम्पनीहरूको व्यवहार र क्रियाकलाप विश्वासयोग्य हुनुपर्ने आवश्यकता औंल्याउनुहुँदै भन्नुभयो, 'बीमा व्यापार मात्र हैन, जोखिमको रक्षा कवच पनि हो । तसर्थ, बीमा सेवा हो भनेर बीमा कम्पनीले बुझ्नुपर्‍यो । कृषि बालीको बीमा नगरी किसान अगाडि बढ्न सक्ने अवस्था छैन । सरकारले कृषि बीमामा




अर्थमन्त्री, शहरी विकास मन्त्री, अर्थ मन्त्रालयका राजस्व सचिव, बीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र अन्य अतिथी तथा बीमा समितिका पदाधिकारीहरु ।

८० प्रतिशतको अनुदानको व्यवस्था गरेको छ, तर पनि त्यसतर्फ बीमा कम्पनीहरूको ध्यान पुगेको छैन ।"

उहाँले बीमाको दायरा बढाउने सरकारको लक्ष्य हासिल गर्नका लागि बीमा समिति र बीमा कम्पनीहरूलाई ठोस योजना सहित गम्भीर भएर लाग्न निर्देशन दिनुभयो ।

अर्थमन्त्री शर्माले कोरोना बीमाको बाँकी दाबी भुक्तानी सम्बन्धी समस्याको समाधानका लागि अर्थ मन्त्रालयमा गम्भीर गृहकार्य भइरहेको र यस सम्बन्धी समस्या छिट्टै समाधान गरिने जानकारी समेत दिनुभयो । उहाँले पुनर्बीमासम्बन्धी निर्णयका बारेमा पनि मन्त्रालयमा गम्भीर अध्ययन भइरहेको बताउनुभयो ।

उहाँले सरकारी र सार्वजनिक सम्पत्तिको बीमा गर्नका लागि ध्यान दिन सम्बद्ध निकायहरूलाई निर्देशन दिनुहुँदै स्वास्थ्य बीमालाई पनि बीमा समितिको दायरामा ल्याउन आवश्यक रहेको बताउनुभयो ।

अर्थमन्त्री शर्माले शेयर बजारमा एउटा समूहले सत्य कुरालाई पन्छाएर भ्रम सिर्जना गर्ने गरी गलत किसिमको हल्ला चलाएको उल्लेख गर्नुहुँदै पूँजी बजारमा भएको लगानी र व्यवसायको संरक्षण गर्न मन्त्रालय गम्भीरताका साथ लागिरहेको जानकारी दिनुभयो ।

समारोहमा शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले अर्थ समितिमा बीमा समिति र धितोपत्र बोर्डसँग सम्बन्धित विधेयकहरु छलफलको अन्तिम चरणमा पुगेका र छिट्टै पास हुने अवस्था रहेको उल्लेख गर्नुहुँदै ऐन, नियम मार्फत नियामक निकायलाई सशक्त र अधिकार सम्पन्न बनाउनेतर्फ सम्बद्ध सबैको ध्यान जानु जरूरी भएको बताउनुभयो ।

मन्त्री झाँक्रीले बीमा समिति जस्ता नियमनकारी निकायहरूको कामलाई प्रभावकारी बनाउनका लागि सुविधा सम्पन्न भौतिक संरचनाका साथै राम्रो वातावरण आवश्यक पर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले देशमा बीमाको दायरा क्रमिकरूपमा बढ्दै गएको उल्लेख गर्नुहुँदै बाध्यात्मक किसिमले बीमा गर्नेभन्दा पनि स्वतःस्फूर्तरूपमा बीमा गर्ने अवस्था सिर्जना हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले चालू आर्थिक वर्षमा कूल जनसङ्ख्याको ३३ प्रतिशतलाई बीमाको दायरामा ल्याउने सरकारको लक्ष्य हासिल गर्नका लागि तालिकावद्ध रूपले अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक पद्म कुमार मैनालीले नेपाल राष्ट्रिय भवन संहिताका सबै प्रावधान पालना गरेर बीमा समितिको भवन बनाइने र भवन नेपाली शैलीको आधुनिक सुविधा सम्पन्न हुने जानकारी दिनुभयो । साथै, उहाँले भवन तोकिएकै लागत र गुणस्तरमा तोकिएको मितिमा निर्माण सम्पन्न गर्न विभागले आवश्यक कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीलाई सरल, सहज एवम् छिटो छरितो बनाई जनता स्वयम् बीमा गर्न उत्साहित हुने खालको वातावरण सिर्जना हुनुपर्छ भन्ने मान्यताका साथ समितिले यस वर्ष बीमा दाबी भुक्तानी वर्ष मनाउँदै आएको बताउनुभयो ।

कार्यक्रममा अर्थ मन्त्रालयका राजश्व सचिव कृष्णहरि पुष्कर, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, बीमा समितिका पूर्वअध्यक्ष, नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक, बीमा कम्पनी र पुनर्बीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरु लगायत बीमा समितिका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# प्रदेश नं. १ सरकारसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम

## जनतासँग प्रत्यक्ष जोडिएका सम्पत्ति लगायतका बीमा गर्न प्रदेश नं. १ सरकारले प्रोत्साहित गर्ने



प्रदेश नं. १ का मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, बीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक तथा मुख्यमन्त्रीको कार्यालय र बीमा समितिका पदाधिकारीहरु

बीमा समितिको आयोजनामा यही मङ्सीर १९ गते विराटनगरमा प्रदेश नं. १ का मुख्यमन्त्री तथा प्रदेश मन्त्रीहरूको उपस्थिति र सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागितामा 'प्रदेश सरकार र बीमा' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

देशमा बीमा क्षेत्रको समग्र विकासका साथै बीमाको पहुँच विस्तारका लागि बीमा समितिले प्रदेश सरकारहरूसँग छलफल एवम् अन्तरक्रिया गर्ने क्रममा प्रदेश नं. १ मा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेशको बजेट सीमित भएकाले शुरुवाती चरणमा भए पनि जनतासँग प्रत्यक्ष जोडिएका सम्पत्ति लगायतका विभिन्न बीमा गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु ल्याउने बताउनुभयो ।

उहाँले बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि विद्यालयका पाठ्यक्रममा बीमा विषयलाई पनि समावेश गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने जानकारी दिनुभयो ।

मुख्यमन्त्री राईले जनताले बीमा गरेपछि कुनै कारणले आवश्यक प्रमाण जुटाउन ढिलाई भए पनि बीमा दाबी गर्नबाट बन्चित नहुने व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

बीमाप्रतिको जनताको आकर्षणलाई अझ व्यापक तुल्याउन बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालनमा जोड दिनुपर्ने आवश्यकता समेत उहाँले औल्याउनुभयो ।

कार्यक्रममा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले देशका विभिन्न स्थानमा बीमा कम्पनीहरूबाट भइरहेका कामको अनुगमन गर्न केन्द्रबाट समस्या परेकाले पहिलो चरणमा कम्तीमा तीनवटा प्रदेशमा बीमा समितिको प्रदेश कार्यालय स्थापना गर्न लागिएको जानकारी दिनुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिननुहुँदै अध्यक्ष सिलवालले जनताको बीमाको रकम सुरक्षित हुनुपर्छ र बीमा दाबीको भुक्तानी समयमै हुनुपर्छ भन्नेमा समिति दृढ रहेको बताउनुभयो ।

उहाँले देशमा बीमा व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र विश्वसनीय बनाउन बीमा समिति प्रतिवद्ध रहेको उल्लेख गर्नुभयो ।

प्रदेश नं. १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव डा. रामप्रसाद घिमिरेले प्रदेशमा बीमासम्बन्धी काम कावाहीको प्रत्यक्ष अनुगमन एवम् नियमनका लागि प्रदेश शाखा कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता औल्याउनुहुँदै प्रदेश कार्यालय स्थापना नभएसम्म एकजना निर्देशकस्तरको कर्मचारीलाई प्रदेशको सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गर्न बीमा समिति समक्ष आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न आनाकानी गर्ने गरेको, गाई भैंसीको कम मूल्य राखेर बीमा गर्ने गरेको, कृषि तथा पशुपालनका लागि तयार गरिएका भौतिक संरचनाहरूको बीमा सोही बीमा अन्तर्गत गर्ने नगरिएको र सर्वसाधारणले समयमा बीमा दाबीको भुक्तानी नपाएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रमको संचालन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव सरोजप्रसाद गुरागाँईले गर्नुभएको थियो भने बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले समितिका तर्फबाट बीमासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेशका मन्त्री, राज्यमन्त्री, प्रदेश सचिव, बीमा समितिका कार्यकारी निर्देशक तथा निर्देशक र विभिन्न सरकारी निकायका पदाधिकारीहरु सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, कार्यक्रममा उद्योगी व्यवसायी, विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र अन्य सरोकारवालाहरु गरी करिव ८० जनाको सहभागिता रहेको थियो ।

# बागमती प्रदेश सरकारसँग बीमासम्बन्धी अन्तरक्रिया

## बीमा दाबी गरेको एक महिनाभित्र दाबी भुक्तानी गर्नैपर्ने नीति बनाउन मुख्यमन्त्री पाण्डेको आग्रह



बागमती प्रदेशका मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, बीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक तथा मुख्यमन्त्रीको कार्यालयका र बीमा समितिका पदाधिकारीहरु

देशमा बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका साथै बीमाको पहुँच बढाउने उद्देश्यले प्रदेश सरकारसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने क्रममा यही मङ्सीर १५ गते हेटौंडामा 'प्रदेश सरकार र बीमा' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले जनताले बीमा नगरे बीमा कम्पनी नचल्ने भएकाले कम्पनीको व्यवहार जनतामैत्री हुनुपर्ने र जनतालाई बीमा गरौं गरौं लाग्ने वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो ।

उहाँले कतिपय बीमा सर्भेयरले बीमितलाई दुःख दिने गरेको उदाहरण प्रस्तुत गर्नुहुँदै बीमा सर्भेयरलाई नियन्त्रण गर्नका लागि बीमा समितिले छड्के जाँच गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बीमा दाबी गरेको एक महिनाभित्र दाबी भुक्तानी गर्नैपर्ने नीति नियम बनाऔं । बीमा समितिले पनि बीमितबाट कहिले बीमा दाबी माग भयो र बीमा कम्पनीले कहिले दाबी भुक्तानी भयो, त्यसको अनुगमन गर्नुपर्‍यो ।"

मुख्यमन्त्री पाण्डेले देशका सातै प्रदेशमा बीमा समितिका प्रदेश कार्यालय खोल्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै त्यसमा आवश्यक सहयोग गर्न प्रदेश सरकार तयार रहेको जानकारी दिनुभयो । बीमा शिक्षालाई विद्यालयस्तरीय पाठ्यक्रममा समेत समावेश गरी बीमाको महत्वका बारेमा व्यापकरूपमा जानकारी गराउन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेशमा बीमाको पहुँच अभिवृद्धिका लागि ठोस नीतिगत व्यवस्था गरेर अघि बढ्न प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले बीमा कम्पनीमा सुशासन कायम गर्न जोड दिँदै आएको उल्लेख गर्नुहुँदै गलत काम गर्ने बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता लगायत जोसुकैलाई पनि बीमा ऐन र नियमावली बमोजिम कारवाही गरिने बताउनुभयो ।

कार्यक्रमको संचालन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव यमलाल भुसालले गर्नुभएको थियो भने बीमा समितिका निर्देशक सुशील देव सुवेदीले बीमासम्बन्धी जानकारीमूलक प्रस्तुती गर्नुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री, मन्त्री, प्रदेशका प्रमुख सचिव, सचिव, बीमा समितिका कार्यकारी निर्देशक र निर्देशक तथा विभिन्न सरकारी निकायका पदाधिकारीहरु सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, कार्यक्रममा उद्योगी, व्यवसायी, बीमा कम्पनीका प्रमुख तथा पदाधिकारी, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# प्रदेश नं. २ सरकारसँग बीमासम्बन्धी अन्तरक्रिया

## प्रदेशका सबैलाई समेट्ने गरी बीमा नीति ल्याउन प्रदेश सरकारसँग अध्यक्ष सिलवालको आग्रह



प्रदेश नं. २ का मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, बीमा समितिका अध्यक्ष कार्यकारी निर्देशक र मुख्यमन्त्रीको कार्यालयका तथा बीमा समितिका पदाधिकारी

बीमा समितिको आयोजनामा प्रदेश नं. २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरमा यही पुस १४ गते बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले विपत्तीका कारणले आइपर्ने संकटका समयमा बीमाले सहयोग गर्ने भएकाले बीमाको पहुँच समाजका टाठाबाठा र उद्योगी व्यवसायीसम्म मात्र नभई विपन्न बर्गसम्म पुर्‍याउनुपर्ने बताउनुभयो ।

उहाँले प्रदेशका सबै नागरिकलाई बीमाको दायरामा ल्याउनका लागि विशेष गरी विपन्न बर्गलाई केन्द्रित गरी प्रदेश सरकारका आगामी नीति, कार्यक्रम र बजेटमा बीमासम्बन्धी नीति तथा कार्यक्रम ल्याउने जानकारी दिनुहुँदै बीमाको पहुँच विस्तारका लागि बीमासम्बन्धी जनचेतना अभिवृद्धि महत्वपूर्ण हुने भएकाले प्रदेशका सबै पालिकाहरूमा बीमा सचेतना कार्यक्रम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मुख्यमन्त्री राउतले बीमा गरेपछि नागरिकमा संकटका समयमा आत्मविश्वास र आत्मबल बढ्ने भएकाले बीमा कसरी, कहाँ गर्ने र कसरी दाबी भुक्तानी पाउने भन्ने बारेमा सबैलाई बुझाउनु जरूरी रहेको बताउनुभयो ।

साथै, उहाँले प्रदेश सरकारले प्राथमिकताका साथ अगाडि बढाएको बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रमको प्रभावकारी कार्यान्वयमा समेत बीमाको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्नुहुँदै सबै छोरीहरूको बीमा गर्न सकेमा समाजको रूपान्तरण हुने भएकाले यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमाको महत्वका बारेमा आम जनतालाई बुझाउने दायित्व बीमा समिति सहित प्रदेश र स्थानीय सरकार तथा जनप्रतिनिधिहरूको समेत रहेको उल्लेख गर्नुहुँदै बीमासम्बन्धी जनचेतना बढाएर नै चालू आर्थिक वर्षमा एक तिहाई जनतामा बीमाको पहुँच पुर्‍याउने लक्ष्य हासिल गर्न सकिने बताउनुभयो ।

अध्यक्ष सिलवालले नागरिकका आवश्यकता र सुझाव अनुसार बीमालेखमा परिमार्जन गर्दै आएको जानकारी दिनुहुँदै घर जग्गामा दिएको छूट रकमबाट घरको बीमा गर्नुपर्ने, विपन्न तथा अपांगहरूको बीमा प्रदेश सरकारले गर्ने लगायतका विभिन्न सुविधाहरु सहित प्रदेशका सबैलाई समेट्ने गरी बीमा नीति ल्याउन प्रदेश सरकारसँग आग्रह गर्नुभयो ।

प्रदेशका प्रमुख सचिव हरिप्रसाद मैनालीले प्रदेशमा घर तथा सम्पत्ति बीमालाई अनिवार्यरूपमा अगाडि बढाउन आगामी आर्थिक वर्षका नीति, कार्यक्रम र बजेटमा आवश्यक नीतिगत व्यवस्था गरिने जानकारी दिनुभयो ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रदेश सरकार र बीमा समिति आपसी समन्वयका साथ अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमा समितिका कार्य, बीमाको पहुँच विस्तारका लागि प्रदेश सरकारको भूमिका, बीमा समितिले गर्न सक्ने सहयोग लगायतका विषय सहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा सहभागीहरूले बीमा कम्पनीहरूले विभिन्न कारण देखाई कृषि बीमा नगर्ने गरेको गुनासो गर्नुका साथै बीमालेखमा भएका शब्द र शर्तहरु बुझ्न कठिन भएकाले सरलीकृत गर्नुपर्ने र जडिबूटी बीमा अन्तर्गत बृक्षारोपणको समेत बीमा गर्ने व्यवस्था हुनुपर्ने लगायतका विचार व्यक्त गर्नुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश नं. का मुख्यमन्त्री लालबाबु राउत, प्रदेश मन्त्रालयका मन्त्री, प्रमुख सचिव, प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा, बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल तथा निर्देशक दिनेश कुमार लाल र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव लगायत कर्मचारीहरु गरी करिव ६० जनाको सहभागिता रहेको थियो ।

# विराटनगर महानगरपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया

## सबै नगरबासीको बीमा गर्न महानगरपालिकासँग अध्यक्ष सिलवलको आग्रह



विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीलाई सम्झनाको चिन्ह प्रदान गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवल

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्दै बीमाको पहुँच विस्तार गर्ने उद्देश्यले स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम गर्ने क्रममा यही मङ्सीर २० गते विराटनगर महानगरपालिकासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले आम नगरवासीलाई बीमाको दायरामा ल्याउनका लागि महानगर ठोस नीतिगत व्यवस्थाका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपाल सरकारले सबै कर्मचारीको दुर्घटना बीमा गरे जस्तै स्थानीय तहले पनि सबै नागरिकको दुर्घटना बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले स्थानीय सरकारको मुख्य उद्देश्य जनताको सेवा गर्ने भएकाले नीति नै बनाएर बीमा गर्ने व्यवस्था गरेमा स्थानीय सरकारकै लोकप्रियता बढ्ने र दुर्घटनाका कारण सिर्जना हुने आर्थिक क्षतिको क्षतिपूर्ति बीमा कम्पनीले नै व्यहोर्ने भएकाले थप आर्थिक दायित्वबाट समेत स्थानीय सरकार मुक्त हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले समाजमा सम्पन्न परिवारले आफै नै बीमा गर्ने भएकाले स्थानीय सरकारले विपन्न वर्ग पहिचान गरी सामूहिक बीमा गर्नु उपयुक्त हुने उल्लेख गर्नुहुँदै यसका लागि महानगरपालिकालाई कस्तो किसिमको बीमालेख चाहिन्छ, त्यसका बारेमा बीमा समितिलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमासम्बन्धी जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले बीमाको परिचय, महत्व, बीमाबाट हुने फाइदा र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमा गर्नका लागि बीमा कम्पनीहरू अनिच्छुक देखिने गरेको, दाबी भुक्तानीका लागि सिफारिश मागेर दुःख दिने गरेको, समयमै दाबी भुक्तानी नपाएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

साथै, उहाँहरूले कृषि तथा पशुपन्छी बीमाको प्रभावकारी कार्यान्वयका लागि पहल गर्न, बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल, चुस्तदुरूस्त र पारदर्शी बनाउन, स्वास्थ्य बीमालाई समेत प्रभावकारी तुल्याउनका लागि पहल गर्न, बीमकले आफ्ना कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम संचालन गर्नुपर्ने अनिवार्य व्यवस्था गर्न, बीमा शिक्षा तथा सचेतना कार्यक्रम संचालनलाई निरन्तरता दिन र कृषि प्राविधिकको सङ्ख्या बढाउन बीमा समितिको ध्यानाकर्षण गर्नुभएको थियो ।

बीमा समितिको आयोजनामा बिराटनगरमा भएको कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र उपप्रमुख इन्दिरा कार्की, बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल र निर्देशकद्वय पूजन ढुङ्गेल (अधिकारी) तथा सुशील देव सुवेदी, महानगरपालिकाका वडा अध्यक्ष तथा सदस्य, उद्योगी व्यवसायी, विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारी, महानगरपालिकास्थित विभिन्न निकायका पदाधिकारी, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषक र सर्वसाधारण गरी करिब १२५ जनाको सहभागिता रहेको थियो ।

# बीरगञ्ज महानगरपालिकामा बीमासम्बन्धी अन्तरक्रिया

## जेष्ठ नागरिकहरूलाई समेत बीमाको दायरामा ल्याउन अध्यक्ष सिलवालको आग्रह



कार्यक्रममा प्रमुख अतिथि, अतिथि, बीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र अन्य सहभागीहरु

बीमा समितिको आयोजनामा यही पुस १३ गते बीरगञ्ज महानगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तारक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि बीरगञ्ज महानगरपालिकाका प्रमुख विजय कुमार सरावगीले बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय तहसँगको समन्वयमा बीमा समितिले वडा वडामा कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले महानगरपालिकाले गत आर्थिक वर्षमा कृषि बीमामा अनुदानका लागि रु १५ लाख छुट्याएको तर बीमासम्बन्धी जानकारीको अभावमा उक्त रकम उपयोगमा नआएको बताउनुभयो ।

प्रमुख सरावगीले कृषि बीमा लागतमा मात्र आधारित नभई बाली काटेपछिको सबै सुविधा सहित आएमा कृषि बीमाप्रति आकर्षण बढ्ने उल्लेख गर्नुहुँदै जोखिम विश्लेषण गरेर बीमाको प्रिमियम तोक्नु पर्ने र रु २५ हजार छूटको दायरा बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

साथै, उहाँले कृषि बीमाको प्रिमियममा अनुदान दिए जस्तै निजी सम्पत्ति बीमाको प्रिमियममा पनि सरकारले अनुदान दिनुपर्ने र अनलाइनबाट बीमा प्रिमियम संकलन तथा बीमा दाबी भुक्तानीको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । परंपरागत बीमालेखको सट्टामा हालको आवश्यकता अनुसारको बीमालेख ल्याउन, अतिरिक्त रकम नपाई काम नगर्ने बीमा सर्भेयरलाई कारवाही गर्न र शहरी क्षेत्रमा मात्र सिमित नभई गाउँ टोलसम्म बीमा कम्पनीहरु अनिवार्यरूपमा जाने व्यवस्था गर्न बीमा समितिसँग उहाँले आग्रह गर्नुभयो ।

प्रमुख सरावगीले बीमासम्बन्धी नीति निर्माणमा महानगरपालिकालाई सहयोग गर्न र नगरपालिका महासंघका पदाधिकारीहरूसँग समेत बीमासम्बन्धी अन्तरक्रिया गर्न आग्रह गर्नुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले देशमा बीमाको पहुँच विस्तारका लागि बीमासम्बन्धी विद्यमान व्यवस्थामा के कस्ता सुधार गर्नुपर्छ र बीमालेखमा कस्तो किसिमको परिमार्जन गर्नुपर्छ भन्ने सम्बन्धमा स्थानीय सरकारहरूबाट सुझाव लिने उद्देश्यले समेत कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

अध्यक्ष सिलवालले जेष्ठ नागरिकहरूलाई समेत बीमाको दायरामा ल्याउन महानगरसँग आग्रह गर्नुहुँदै बीमा नीति निर्माणमा सहयोग गर्न समिति तयार रहेको बताउनुभयो ।

उहाँले कृषि तथा पशुपन्छी बीमालेखमा सरलीकृत गरिने जानकारी दिनुहुँदै जनतालाई झुक्याएर बीमा गर्न आकर्षित गर्ने खालका विज्ञापन नगर्न र कृषि तथा पशुपन्छी सहित सबै बीमाको दाबी भुक्तानी तत्काल गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिइएको बताउनुभयो ।

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले गुणस्तरीय सेवा दिनुपर्ने आवश्यकता औंल्याउनुहुँदै नगरपालिका महासँघ र गाउँपालिका महासंघसँग पनि बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमाको दायरा विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषय समेटिएको बीमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बीरगञ्ज महानगरपालिकाका वडा अध्यक्ष लगायत सहभागीहरूले बीमा कम्पनीहरूले प्रलोभन देखाएर बीमा गर्ने तर बीमा दाबी भुक्तानी नदिने गरेको, बीमा शिक्षाको अभाव भएको, धेरै कमिशन दिने धनी व्यक्तिको बीमा गराउन बीमा अभिकर्ता तथा एजेन्ट जाने तर न्यून आय भएका विपन्न बर्गलाई भने वास्ता नगर्ने गरेको गुनासो गर्नुभयो । साथै, उहाँहरूले जेष्ठ नागरिकका लागि बीमाको छुट्टै व्यवस्था गर्न, बीमालेखका सेवा शर्तलाई सरल एवम् छोटो बनाउन, स्वास्थ्य बीमामा देखिएका विसंगति हटाउन र वडा वडामा बीमासम्बन्धी चेतनामूलक कार्यक्रमहरु आयोजना गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बीरगञ्ज महानगरपालिकाका प्रमुख विजय कुमार सरावगी, उपप्रमुख शान्ति कार्की, बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल तथा निर्देशक दिनेश कुमार लाल, बीरगञ्ज महानगरपालिकाका वडा अध्यक्ष, सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, शिक्षक, संचारकर्मी लगायत गरी ७० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

# कलैया उपमहानगरपालिकामा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम

## बीमासम्बन्धी नीति तर्जुमामा आवश्यक सहयोग गर्न बीमा समिति तयार



कार्यक्रममा प्रमुख अतिथि, अतिथि, बीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र अन्य सहभागीहरु

स्थानीय तहमा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालनलाई अभियानका रूपमा अगाडि बढाउने क्रममा यही पुस १२ गते प्रदेश नं. २ को बारा जिल्लाको कलैया उपमहानगरपालिकाको कलैयामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कलैया उपमहानगरपालिकाका प्रमुख राजेश राय यादवले आम नगरवासीलाई बीमाको दायरामा ल्याउनका लागि उपमहानगरपालिकाको आगामी बैठकमा बीमासम्बन्धी नीतिगत व्यवस्था बारेमा आवश्यक निर्णय गर्ने जानकारी दिनुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले विपद्बाट हुने हानी नोक्सानीबाट आइपर्ने आर्थिक क्षतिलाई न्यून गर्नका लागि उपमहानगरपालिकाले बीमा सम्बन्धी नीति ल्याएर आम नगरवासीलाई बीमाको दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले आर्थिक रूपमा सम्पन्न व्यक्तिलाई स्वयम् नै बीमा गर्न प्रोत्साहित गर्न र न्यून आय भएका वर्ग पहिचान गरेर उनीहरूका लागि भने उपमहानगरपालिकाले नै बीमा गरिदिने व्यवस्था गर्नु उपयुक्त हुने सुझाव दिनुभयो ।

अध्यक्ष सिलवालले देशमा बीमाको पहुँच बढाउनका लागि बीमा समितिले स्थानीय तहमा बीमा सचेतना कार्यक्रम आयोजनालाई अभियानका रूपमा अगाडि बढाएको उल्लेख गर्नुहुँदै बीमा सम्बन्धी जनचेतना अभिवृद्धि र नीति निर्माणका लागि आवश्यक सहयोग गर्न बीमा समिति तयार रहेको बताउनुभयो । साथै, उहाँले उपमहागरपालिकाका सेवासँग आवद्ध गरेर घर सम्पत्तिको बीमालाई अनिवार्य गर्न र पशुपन्छी तथा कृषि बीमाको महत्वका बारेमा कृषकहरूलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमाको परिचय, बीमाको महत्व, बीमा दावी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय सरकारको भूमिका लगायतका विषयहरु समेटिएको बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम वडास्तरमा पनि आयोजना गर्नुपर्ने, स्थानीयस्तरमै सहजरूपमा पशुपन्छी र बालीनालीको बीमा गर्न पाउने व्यवस्था गर्नुपर्ने, बीमा दाबी प्रक्रिया सरल हुनुपर्ने, बीमा दाबी भुक्तानी समयमै पाउनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख राजेश राय यादव, उपप्रमुख रहिमा खातून, बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल र निर्देशक दिनेश कुमार लाल, कलैया उपमहानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, बीमा, बैंक तथा वित्तीय संस्थाका पदाधिकारी, शिक्षक, कृषक र सर्वसाधारण गरी करिब ५० जनाको सहभागिता रहेको थियो ।

# लमजुङको राइनास नगरपालिकामा बीमासम्बन्धी अन्तरक्रिया

## सबै नगरवासीको बीमा गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने प्रतिवद्धता



कार्यक्रममा प्रमुख अतिथि, अतिथि, बीमा समितिका निर्देशक र अन्य सहभागीहरु

देशमा बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय तहमा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने क्रममा यही मङ्सीर २ गते गण्डकी प्रदेशको लमजुङ जिल्लास्थित राइनास नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि राइनास नगरपालिकाका प्रमुख सिंहबहादुर थापाले सबै नगरवासीको बीमा गर्ने व्यवस्था मिलाउन सकेमा बाढी, पहिरो, भूकम्प लगायतका विभिन्न प्रकारका जोखिमबाट आर्थिक सुरक्षण बीमाबाट हुने भएकाले विपत्तिका समयमा सरकारले राहत बाँड्नुपर्ने अवस्था नआउने बताउनुभयो ।

प्रमुख थापाले आम नगरबासी र उनीहरूको सम्पत्तिको बीमा गर्नका लागि नगरपालिकाले बीमा समिति र सम्बद्ध निकायहरूसँग समन्वय कायम गरी आवश्यक प्रक्रिया अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीयस्तरमा देखिएका समस्याहरूका बारेमा जानकारी लिने र समस्याको समाधान गर्दै बीमाको पहुँच विस्तारमा जोड दिने उद्देश्यले समितिले स्थानीय सरकारहरूसँग बीमा सचेतना कार्यक्रम गर्दै आएको बताउनुभयो ।

निर्देशक अधिकारीले बीमा समितिले चालू आर्थिक वर्षलाई बीमा दाबी भुक्तानी वर्षका रूपमा मनाइरहेको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानी नपाएमा वा तोकिएको अवधिभन्दा ढिला भएमा समितिलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमाको दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको, दाबी भुक्तानी पाउन कमिशन दिनुपर्ने बाध्यता रहेको, बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न अनिच्छा देखाउने गरेको, कोरोना बीमाको भुक्तानी अझैसम्म पनि नपाएको लगायतका गुनासा गर्नुभएको थियो ।

कार्यक्रममा बीमा समितिका उपनिर्देशक निर्मल अधिकारीले प्रमुख अतिथि, अतिथि लगायत सहभागीहरूको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पुष्पा कुँवरले गर्नुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा राइनास नगरपालिकाका जनप्रतिनिधि, जिल्लास्थित उद्योग वाणिज्य सङ्घ, यातायात सङ्घ र महिला सङ्घका पदाधिकारी, महिला, कृषक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, संचारकर्मी र अन्य सरोकारवालाहरु गरी करिव ८० जनाको सहभागिता रहेको थियो ।

# पोखरामा अन्डरराइटिङ सम्बन्धी तालिम

बीमा समितिको आयोजनामा यही मङ्सीर ६ गते गण्डकी प्रदेशको कास्की जिल्लाको पोखरामा जीवन तथा निर्जीवन बीमा कम्पनीहरूका शाखा प्रमुखहरूका लागि अन्डरराइटिङ्ग सम्बन्धी तालिम सम्पन्न भएको छ ।

तालिममा जीवन र निर्जीवन बीमा कम्पनीहरूका पोखरास्थित शाखा प्रमुखहरु गरी करिव ४० जनाको सहभागिता रहेको थियो ।

तालिममा सहभागीहरूलाई बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारी र समितिका परामर्शदाता बीमाङ्की प्रेक्षा माथेमाले अन्डरराइटिङ्गका समग्र विषयमा जानकारी दिनुभएको थियो ।



अन्डराइटिङ्ग सम्बन्धी तालिम र अन्तरक्रिया कार्यक्रममा सहभागीहरु

तालिम पश्चात् आयोजित 'बीमा कम्पनीहरूको अन्डरराइटिङ् सम्बन्धी सम्बन्धी समस्या र समाधान' विषयक अन्तरक्रिया एवम् छलफल कार्यक्रममा बीमालेख तथा बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत प्रक्रिया, रेट कटिङ समस्या, कोरोना बीमा भुक्तानीको अवस्था, एजेन्ट इजाजतपत्र नवीकरण लगायतका विषयमा छलफल भएको थियो ।

# लमजुङ जिल्लाको क्व्होलासोथार गाउँपालिकामा बीमा सचेतना कार्यक्रम

## बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमानेको गुनासो

बीमा समितिको आयोजनामा यही मङ्सीर ३ गते गण्डकी प्रदेशको लमजुङ जिल्लास्थित क्व्होलासोथार गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



क्व्होलासोथार गा.पा.का अध्यक्ष प्रेमबहादुर घलेलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै बीमा समितिका निर्देशक पूजन ढुंगेल (अधिकारी)

कार्यक्रममा प्रमुख अतिथि क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर घलेले बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमान्ने र बीमा दाबी भुक्तानी पनि समयमा नदिने जस्ता समस्याहरूको रहेको जानकारी दिनुभयो ।

अध्यक्ष घलेले बीमा कम्पनीहरु सहरमुखी मात्र नभई गाउँका जनतासम्म जानै पर्ने व्यवस्था गर्न र बीमा दाबी भुक्तानीलाई छिटो छरितो बनाउनका लागि विशेष ध्यान दिन बीमा समितिसँग आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले पुष्प बीमालेख जारी गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग छलफल गरी छिट्टै निष्कर्षमा पुगिने जानकारी दिनुहुँदै बीमा कम्पनीहरूलाई सेवाग्राहीमैत्री बनाउन समितिले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमाका बारेमा राम्रो जानकारी नपाएको, कृषि तथा पशुपन्छी बीमा गर्ने बीमा कम्पनीहरूका बारेमा थाहा नपाएको, बीमाको महत्वका बारेमा राम्रो जानकारी नपाएको, बीमा दाबीका लागि क्षतिपूर्ति मूल्याङ्कन निकै झन्झटिलो रहेको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बीमा समितिका उपनिर्देशक निर्मल अधिकारीले प्रमुख अतिथि, अतिथि लगायत सहभागीहरूको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पुष्पा कुँवरले गर्नुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा क्व्होलासोथार गाउँपालिकाका जनप्रतिनिधि, जिल्लास्थित उद्योग वाणिज्य सङ्घ, यातायात सङ्घ र महिला सङ्घका पदाधिकारी, कृषक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, संचारकर्मी र अन्य सरोकारवालाहरु गरी करिब ७० जनाको सहभागिता रहेको थियो ।

# काभ्रेको रोशी गाउँपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना

## कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी समयमै नपाएको सहभागीहरूको गुनासो

बीमा समितिको आयोजनामा यही मङ्सीर १३ गते बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी समयमै नपाएको, कोरोना बीमाको दाबी भुक्तानी नभएको, कृषि प्राविधिक नभएका कारण कृषि तथा पशुपन्छी बीमा गर्न ढिला हुने गरेको, कालिज व्यवसायको बीमा गर्दा बीमा प्रिमियममा छूटको व्यवस्था नभएको सम्बन्धमा ध्यानाकर्षण गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रोशी गाउँपालिकाका अध्यक्ष डी.बी. लामाले गाउँपालिकाका सेवासँग आवद्ध गरेर घर लगायतका सम्पत्ती बीमालाई अनिवार्य गर्न पहल गर्ने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमा गर्ने विधि, बीमा दाबी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा जानकारी दिनुभएको थियो ।



कार्यक्रममा सहभागीहरू

कार्यक्रममा रोशी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य र कर्मचारीहरु, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी र सरोकारवालाहरु गरी करिब १२० जनाको सहभागिता रहेको थियो ।

# तनहुँ जिल्लाको बन्दिपुर गाउँपालिकामा बीमा सचेतना कार्यक्रम

## बीमा कम्पनीहरु किसानको घर घरमा पुग्नुपर्ने नीति बनाउन आग्रह



अन्तरक्रिया कार्यक्रममा सहभागीहरु

बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही मङ्सीर ५ गते गण्डकी प्रदेशको तनहुँ जिल्लास्थित बन्दिपुर गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले विश्वका विकसित मुलुकहरुमा जस्तै नेपालमा पनि बीमा क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष थापाले कृषक र बीमा कम्पनीहरु बीचको दूरी कम गर्नका लागि बीमा कम्पनीहरु कृषकहरुको घर घरमा पुग्नुपर्ने नीति बनाउन बीमा समितिसँग आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुंगेल अधिकारीले कोरोनाको बीमा दाबी भुक्तानीका लागि विभिन्न विकल्पसहित सरकारसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

निर्देशक अधिकारीले बीमा दाबी भुक्तानीलाई छिटो छरितो बनाउन आवश्यक पहल भइरहेको र कृषि तथा पशुपन्छी बीमालाई व्यवस्थित एवम् विकसित गर्न कृषि तथा पशुपन्छी बीमा अभिकर्तालाई नियमितरुपमा तालिम दिने, स्थलगत अनुगमन गर्ने लगायतका कार्यहरु भइरहेको बताउनुभयो ।

साथै, उहाँले बीमा समितिले कृषि तथा पशुपन्छी बीमासम्बन्धी दाबी भुक्तानीलाई सरलीकृत गर्न बीमा कम्पनीहरुलाई निर्देशन दिनुका साथै हरेक बीमा कम्पनीले कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताको रोस्टर राख्नुपर्ने व्यवस्था गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरुले कृषि तथा पशुपन्छी बीमा गर्न चाहँदा चाहँदै पनि बीमा कम्पनीको अनिच्छाले गर्दा बीमा गर्न नपाएको, कृषि तथा पशुपन्छी बीमा गर्ने बीमा कम्पनी, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता र कृषि तथा पशुपन्छी बीमा व्यवस्थाका बारेमा राम्रो जानकारी नपाएको लगायतका गुनासा गर्नुभएको थियो ।

कार्यक्रममा बीमा समितिका उपनिर्देशक निर्मल अधिकारीले प्रमुख अतिथि, अतिथि लगायत सहभागीहरुको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पुष्पा कुँवरले गर्नुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा बन्दिपुर गाउँपालिकाका जनप्रतिनिधि, जिल्लास्थित उद्योग वाणिज्य सङ्घ, यातायात सङ्घ र महिला सङ्घका पदाधिकारी, महिला, कृषक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, संचारकर्मी र अन्य सरोकारवालाहरु गरी करिव एकसयजनाको सहभागिता रहेको थियो ।

# तनहुँको बन्दिपुरस्थित भानु माध्यमिक विद्यालयमा बीमासम्बन्धी अन्तरक्रिया

## विद्यालयमा बीमासम्बन्धी पाठ्य सामग्री उपलब्ध गराउन आग्रह



अन्तरक्रिया कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरु

बीमा समितिको आयोजनामा यही मङ्सीर ५ गते गण्डकी प्रदेशको तनहुँ जिल्लाको बन्दिपुरस्थित भानु माध्यमिक विद्यालयमा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्यार्थीहरुलाई बीमाको महत्वका बारेमा जानकारी दिने र विद्यार्थीहरुमार्फत उनीहरुका अभिभावक तथा छरछिमेकलाई बीमा गर्न उत्साहित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक रिखिराम ढकालले बीमाका बारेमा जानकारी दिनका लागि बीमासम्बन्धी पाठ्य सामग्रीहरु उपलब्ध गराउन बीमा समितिसमक्ष आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले समाजमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि विद्यार्थीहरुको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी र विद्यार्थीहरु गरी करिव १२० जनाको सहभागिता रहेको थियो ।

# काभ्रेको नमोबुद्ध नगरपालिकामा बीमा सचेतना कार्यक्रम

## बीमा गर्न सजिलो भए जस्तै बीमा दाबीको भुक्तानी पनि सजिलै पाउनुपर्ने सहभागीहरूको भनाई


अन्तरक्रिया कार्यक्रममा सहभागीहरू

बीमाको प्रवर्द्धन एवम् पहुँच विस्तारका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही मङ्सीर १३ गते बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले बीमाको पहुँच विस्तारका क्रममा जीवन बीमालाई महत्व दिनुपर्ने, बीमा गर्न सजिलो भए जस्तै बीमा दाबीको भुक्तानी पनि सजिलैसँग पाउनुपर्ने, कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको सङ्ख्या बढाउनुपर्ने, व्यक्तिले आफ्नो वार्षिक आयको निश्चित प्रतिशत रकम छुट्याएर अनिवार्यरूपमा बीमा गर्नुपर्ने व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरु दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नमोबुद्ध नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले सबै नगरवासीलाई बीमाको दायरमा ल्याउनका लागि नगरपालिकाका तर्फबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमा गर्ने विधि, बीमा दाबी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा जानकारी दिनुभएको थियो ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा नमोबुद्ध नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु, बनेपास्थित बीमा कम्पनीका शाखा प्रमुखहरु, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी र सरोकारवालाहरु गरी करिव १२५ जनाको सहभागिता रहेको थियो ।

# काभ्रेको तेमाल गाउँपालिकामा बीमासम्बन्धी जनतेनामूलक कार्यक्रम

## बोट विरुवा, मकै र नर्सरीको पनि बीमालेख तयार गर्न सहभागीहरुको आग्रह


अन्तरक्रिया कार्यक्रममा सहभागीहरू

बीमासम्बन्धी जनचेतना अभिवृद्धिका साथै स्थानीय बासिन्दालाई बीमा गर्न उत्प्रेरित गर्ने उद्देश्यले यही मङ्सीर १५ गते बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले तेमाल गाउँपालिकामा बीमा कम्पनीका शाखा कार्यालय स्थापना गर्न, कृषि तथा पशुपन्छी बीमा दाबीको भुक्तानी समयमै उपलब्ध गराउन, बोट विरुवा, मकै र नर्सरीको पनि बीमालेख तयार गर्न बीमा समितिको ध्यानाकर्षण गराउनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तेमाल गाउँपालिकाका अध्यक्ष सलाम सिं तामाङले गाउँपालिकाका बासिन्दाहरूलाई बीमाका बारेमा राम्रो जानकारी दिन यस्ता कार्यक्रमको आयोजनाबाट महत्वपूर्ण योगदान पुग्ने उल्लेख गर्नुहुँदै बीमाको पहुँच विस्तारका लागि गाउँपालिकाले आफ्नो भूमिका निर्वाह गर्ने बताउनुभयो ।

बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमाबाट हुने फाइदा, दाबी भुक्तानी प्रक्रिया लगायतका विषयहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको संचालन समितिका सहायक प्रथम श्यामसुन्दर नगरकोटीले गर्नुभएको थियो ।

बीमासमितिको आयोजनामा भएको कार्यक्रममा तेमाल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य र कर्मचारीहरु, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी र सरोकारवालाहरु गरी करिब ११५ जनाको सहभागिता रहेको थियो ।

# सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा बीमा सचेतना कार्यक्रम

## बाढीका कारण क्षति भएका घर लगायतको बीमा दाबी भुक्तानी नपाएको गुनासो



कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायत सहभागीहरू

बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकामा यही मङ्सीर १६ गते बीमा सम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रममा सम्पन्न भएको छ ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा सहभागीहरूले मेलम्चीमा हालैको वर्षामा आएको बाढीबाट क्षति भएका घर लगायतका संरचना, पशुपन्छी, बालीनालीको बीमा दाबी भुक्तानी अझै पनि बीमा कम्पनीहरूबाट नपाएको गुनासो गर्नुभयो ।

साथै, उहाँहरूले निर्जीवन बीमा दाबीको भुक्तानी भए नभएको बारेमा सबै बीमा कम्पनीहरूले एकमुष्ठ जानकारी पाउने व्यवस्था गर्न, मकै, बोट विरुवा र नर्सरीको समेत बीमालेख तयार गर्न, बीमा गरेपछि पनि बीमालेख नवीकरणको मितिबारे समयमै जानकारी दिने व्यवस्था गर्न, जिल्लामा बीमा कम्पनीका शाखा कार्यालय स्थापना गर्न, बीमा सचेतना कार्यक्रमलाई वडा वडामा समेत निरन्तरता दिन, बीमाका बारेमा सही जानकारी दिन नगरपालिकामा फोकल पर्सन तोक्न आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि मेलम्ची नगरपालिकाका प्रमुख डम्बर बहादुर अर्यालले बाढी, पहिरो आगलागी लगायतका विपत्तिबाट जनधनमा हुने हानीबाट आइपर्ने आर्थिक क्षतिको क्षतिपूर्ति बीमाबाट हुने भएकाले बीमालाई अनिवार्य गर्न नगरपालिकाले आवश्यक कदम चाल्ने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

समितिका सहायक प्रथम श्यामसुन्दर नगरकोटीले संचालन गर्नुभएको कार्यक्रममा मेलम्ची नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य र कर्मचारीहरु, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी र सरोकारवालाहरु गरी करिब १०७ जनाको सहभागिता रहेको थियो ।

# सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकामा बीमा सचेतना कार्यक्रम

## कृषि तथा पशुपन्छी बीमा दाबीको भुक्तानी समयमै नभएको गुनासो


अन्तरक्रिया कार्यक्रममा सहभागीहरू

बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोक नगरपालिकामा भएको बीमा सचेतना कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूबाट कृषि तथा पशुपन्छी बीमा दाबीको भुक्तानी समयमै नभएको गुनासो गर्नुभएको छ ।

बीमा समितिको आयोजनामा यही मङ्सीर १६ गते आयोजित कार्यक्रममा सहभागीहरूले बीमाको दाबी भुक्तानी समयमा नै नहुँदा बीमाप्रति नकारात्मक धारणा बन्ने गरेको विचार व्यक्त गर्नुभयो ।

उहाँहरूले बीमा अभिकर्तालाई थप तालिम दिएर भए पनि नागरिकले बीमाका बारेमा सही जानकारी पाउनसक्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने, कोरोना बीमाको दाबी भुक्तानी यथाशीघ्र पाउनुपर्ने, पशुपन्छी बीमा गर्दा बीमाङ्क तोक्नुपर्ने व्यवस्थामा कडाई गर्नुपर्ने, कालिज व्यवसायको बीमा गर्दा प्रिमियममा छूट पाउने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमान सिं तामाङले नगरवासीलाई जीवन बीमाका साथै घर, सम्पत्तीको बीमा गर्न प्रोत्साहित गर्न नगरपालिकाले आवश्यक व्यवस्था गर्ने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमा गर्ने विधि र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य र कर्मचारीहरु, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी र सरोकारवालाहरु गरी करिव १०५ जनाको सहभागिता रहेको थियो ।

# कृषि, पशुपन्छी तथा मत्स्य बीमा अभिकर्ता तालिम सम्पन्न


तालिम कार्यक्रममा सहभागीहरू

प्रदेश नं. २ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको आयोजना र बीमा समितिको समन्वयमा धनुषा जिल्लाको नक्टाझिझमा कृषि, पशुपन्छी तथा मत्स्य बीमा अभिकर्ता तालिम सम्पन्न भएको छ ।

यही पुस ९ देखि १४ गतेसम्म भएको तालिममा प्रदेश नं.

२ का आठवटै जिल्लामा कार्यरत कृषि र भेटनरी सम्बन्धी प्राविधिकहरू गरी २५ जनाको सहभागिता रहेको थियो ।

तालिममा सहजीकरण गर्नुहुँदै बीमा समितिका सहायक निर्देशक राजेन्द्र महर्जनले जोखिम व्यवस्थापन, बीमाका आधारभूत सिद्धान्त, बीमा समितिका कार्य, बीमा सम्बन्धी विद्यमान नियम कानून, कृषि बीमा निर्देशिका र कृषि बीमा अभिकर्ताको भूमिकाका बारेमा जानकारी दिनुभएको थियो ।

तालिम समापनका अवसरमा प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. नम्रता सिंहले गाउँ गाउँमा गएर कृषि, पशुपन्छी र माछाको बीमा गर्नका लागि कृषहरूलाई उत्प्रेरित गर्न तालिममा सहभागी कृषि तथा भेटनरी सम्बन्धी प्राविधिकहरूलाई आग्रह गर्नुभयो ।

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रका प्रमुख नरेन्द्र कुमार महासेठले जिल्लामा कृषि, पशुपन्छी तथा माछा बीमाको दायरा बढाउनका लागि दत्तचित्त भएर कार्य गर्न तालिममा सहभागीहरूलाई आग्रह गर्नुभयो ।

तालिमका क्रममा सहभागीहरूलाई सर्लाहीस्थित बागवानी केन्द्रको अवलोकन भ्रमण समेत गराइएको थियो ।

# काभ्रेमा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया



अन्तरक्रिया कार्यक्रममा सहभागी विद्यार्थीहरू

बीमा समितिको आयोजनामा यही मङ्सीर १४ गते बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिको, भकुण्डेस्थित जनक माध्यमिक विद्यालयमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई बीमाका बारेमा जानकारी दिई उनीहरूमार्फत समाजमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बीमा समितिका सहायक निर्देशक पूर्ण बहादुर थापाले बीमाको परिचय र महत्व, बीमाबाट हुने फाइदा, बीमा गर्ने तरिका, बीमा दाबी भुक्तानीको प्रक्रिया, समाजमा बीमाको पहुँच विस्तारमा विद्यार्थीहरूको भूमिका लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा जनक माध्यमिक विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थी गरी करिब तीनसय जनाको सहभागिता रहेको थियो ।

## समितिबाट इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनीहरू

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| 1 | श्री राष्ट्रिय बीमा संस्थान | रामशाहपथ | 4262520 | beema@wlink.com.np |
| 2 | श्री नेशनल लाइफ ईन्स्यांरेन्स कं.लि | लाजिम्पाट | 4414799 | nlgilife@mail.com.np |
| 3 | श्री नेपाल लाइफ ईन्स्योरेन्स कं. लि. | कमलादी | 4169082 | info@nepallife.com.np |
| 4 | श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | नक्साल | 4443616 | liccorporate@licnepal.com.np |
| 5 | श्री मेट लाइफ एलिको | पुल्चोक | 5555166 | service-nepal@metlife.com.np |
| 6 | श्री एशियन लाइफ ईन्स्योरेन्स कं. लि. | मैतिदेवी | 4410115 | asianlife@asianlife.com.np |
| 7 | श्री सूर्या लाइफ ईन्स्योरेन्स कं. लि. | सानोगौचरन | 4423743 | info@suryalife.com |
| 8 | श्री गुराँस लाइफ ईन्स्योरेन्स कं. लि. | तीनकुने | 5199310 | info@guranslife.com |
| 9 | श्री प्राइम लाइफ ईन्स्योरेन्स कं. लि. | हात्तिसार | 4441414 | info@primelifenepal.com |
| 10 | श्री आइएमई लाइफ ईन्स्योरेन्स कं.लि. | लैनचौर | 4024075 | info@imelifeinsurance.com |
| 11 | श्री यूनियन लाइफ ईन्स्योरेन्स कं.लि. | नयांबानेश्वर | 4784758 | info@unionlife.com.np |
| 12 | श्री ज्योति लाइफ ईन्स्योरेन्स कं.लि. | ज्ञानेश्वर | 4445941 | info@jyotilife.com |
| 13 | श्री सन नेपाल लाइफ ईन्स्योरेन्स कं.लि. | कमलादी | 4436126 | info@snlic.com |
| 14 | श्री रिलायन्स लाइफ ईन्स्योरेन्स कं.लि. | नयांबानेश्वर | 4787224 | info@relifeinsurance.com |
| 15 | श्री रिलायबल नेपाल लाइफ ईन्स्योरेन्स कं.लि. | ज्ञानेश्वर | 4423618 | info@reliablelife.com.np |
| 16 | श्री सिटिजन लाइफ ईन्स्यांरेन्स कं.लि. | थापाथली | 4101744 | info@citizenlifenepal.com |
| 17 | श्री सानिमा लाइफ ईन्स्योरेन्स लि. | कमलादी | 4438886 | sanimalife@gmail.com |
| 18 | श्री प्रभु लाइफ ईन्स्योरेन्स कं.लि. | कमलादी | 4226568 | info@prabhulife.com |
| 19 | श्री महालक्ष्मी लाइफ ईन्स्योरेन्स लिमिटेड | नक्साल | 4445123 | info@mahalaxmilife.com |

## समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनीहरू

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| 1 | श्री नेपाल ईन्स्यारेन्स कं.लि. | कमलादी | 4221353 | nic@nepalinsurance.com.np |
| 2 | श्री दि ओरियण्टल ईन्स्यारेन्स कं.लि. | डिल्लिबजार | 4416439 | oriental@orientalinsurance.com.np |
| 3 | श्री नेशनल ईन्स्यांरेन्स कं.लि | त्रिपुरेश्वर | 4250710 | info@nicnepal.com.np |
| 4 | श्री हिमालयन जनरल ईन्स्यारेन्स कं.लि | बबरमहल | 4231788 | ktm@hgi.com.np |
| 5 | श्री यूनाईटेड ईन्स्यारेन्स कं.लि | थापाथली | 5111111 | uic@mail.com.np |
| 6 | श्री प्रिमियर ईन्स्यारेन्स कं. (नेपाल) लि. | नक्साल | 4413543 | premier@picl.com.np |
| 7 | श्री एभरेष्ट ईन्स्योरेन्स कं. लि. | हात्तिसार | 4444717 | info@eic.com.np |
| 8 | श्री नेको ईन्स्योरेन्स लि. | अनामनगर | 4770127 | info@necoinsurance.com.np |
| 9 | श्री सगरमाथा ईन्स्योरेन्स कं. लि. | भगवतीबहाल | 4412367 | info@sagarmathainsurance.com.np |
| 10 | श्री प्रभु ईन्स्योरेन्स लि. | तीनकुने | 5199220 | info@prabhuinsurance.com |
| 11 | श्री आइएमई जनरल इन्सुरेन्स लिमिटेड | नक्साल | 4411510 | info@iginepal.com |
| 12 | श्री प्रुडेन्सियल ईन्स्योरेन्स कं. लि. | कमलादी | 4212940 | picl@prudential.com.np |
| 13 | श्री शिखर ईन्स्योरेन्स कं. लि. | थापाथली | 4246101 | shikharins@mos.com.np |
| 14 | श्री लुम्बिनी ईन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर | 4411707 | info@lgic.com.np |
| 15 | श्री एनएलजी ईन्स्योरेन्स कं. लि. | लाजिम्पाट | 4442646 | info@nlgi.com.np |
| 16 | श्री सिद्धार्थ ईन्स्योरेन्स कं. लि. | बबरमहल | 4257766 | info@siddharthainsurance.com |
| 17 | श्री राष्ट्रिय बीमा कं. लि. | रामशाहपथ | 4258721 | info@rbcl.com.np |
| 18 | श्री जनरल ईन्स्योरेन्स कं. नेपाल लि., | हात्तीसार | 4443544 | info@generalinsurance.com.np |
| 19 | श्री अजोड ईन्स्योरेन्स कं. लि., | सुन्धारा | 4243768 | info@ajodinsurance.com |
| 20 | श्री सानिमा जनरल ईन्स्योरेन्स कं. लि., | कमलादी | 4427101 | sanima@sanimageneral.com |

## समितिबाट इजाजतपत्र प्राप्त पुनर्बीमा कम्पनीहरू

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| 1 | श्री नेपाल पुनर्बीमा कं. लि. | थापाथली | 4218458 | nepalre@ntc.net.np |
| 2 | श्री हिमालयन रि-ईन्स्योरेन्स कं. लि. | महाराजगंज | 4443432 | contactus@himalayanre.com |